# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः१७ मितिः २०८०।०३।११

## भाग-२

## इनरुवा नगरपालिका

### स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०८०

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०३।०९
प्रमाणीकरण मितिः २०८०।०३।११ गते

# स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना :**

स्थानीय तहको योजना निर्माण प्रक्रियामा विकासको आधारशीलाको रुपमा रहेका युवाको अर्थपूर्ण सहभागिता बढाउने उद्धेश्यले स्थानीय तहको आवश्यकता र प्राथमिकताका आधारमा युवासँगको सहकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

इनरुवा नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नामे "स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

क) **'प्रमुख'** भन्नाले इनरुवा नगरपालिकाका प्रमुखलाई सम्झनुपर्छ ।

ख) **'उपप्रमुख'** भन्नाले इनरुवा नगरपालिकाका उपप्रमुखलाई सम्झनुपर्छ ।

ग) **'प्राथमिकता समूहका युवा'** भन्नाले भौगोलिक, सामाजिक साँस्कृतिक, आर्थिक, मानवीय तथा राजनीतिक रुपमा पछाडि पारिएको समुदायमा रहेका युवालाई सम्झनुपर्छ । जसमध्ये मधेशी, अति विपन्न, महिला, दलित, मुस्लिम, इकाइ र पहाडी तथा तराई दलित युवालाई जनाउँछ ।

घ) **'स्थानीय तह'** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्छ । **'यस स्थानीय तह'** भन्नाले इनरुवा नगरपालिकालाई बुझाउने छ ।

ङ) **'युवा'** भन्नाले १६ देखि ४० वर्षसम्मका नागरिकलाई सम्झनुपर्छ । पहिलो समूहका युवा भन्नाले १६ देखि २४ वर्ष र दोस्रो समूहका युवा भन्नाले २५ देखि ४० वर्षका युवालाई बुझाउँछ ।

च) **'युवाको अर्थपूर्ण सहभागिता'** भन्नाले योजना प्रक्रियामा युवाको सहभागिता लक्षित समूह, साझेदार र नेतृत्वकर्ताको रुपमा हुने सम्झनुपर्छ ।

छ) **'युवा समावेशी सहभागिता'** भन्नाले स्थानीय तहको युवा समन्वय समिति गठन, सहभागी सदस्यको चयन र मनोनयनमा समावेशी सिद्धान्तको आधारमा कम्तिमा पचास प्रतिशत युवा महिलाको प्रतिनिधित्व सम्झनुपर्छ ।

ज) **'युवा समूह'** भन्नाले युवाका क्षेत्रमा सक्रिय युवा क्लब, युवा सामाजिक संघसंस्था, युवा सञ्जाल, स्काउट, युवा तथा विद्यार्थी संठन र उद्यमी युवा, स्वयंसेवकजस्ता संगठित युवाको समूह भन्ने सम्झनुपर्छ ।

झ) **'विषयगत समिति'** भन्नाले स्थानीय तहको कार्यपालिकाको कार्य विभाजन नियमावली बमोजिम स्थानीय तहमा गठन हुने विषयगत समिति सम्झनुपर्छ ।

ञ) **'विशेष प्राथमिकताका युवा समूह'** भन्नाले द्वन्द्वपीडित, जोखिममा परेका, अपांगता भएका, सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, दलित, मुस्लिम समुदाय र पिछडिएको क्षेत्रका युवा सम्झनुपर्छ ।

ट) **'समिति'** भन्नाले दफा १३ बमोजिमको युवा समन्वय समिति सम्झनुपर्छ ।

ठ) **'सरोकारवाला निकाय'** भन्नाले युवाका लागि सरोकार राख्ने सरकारी निकाय, विकास साझेदार, राजनीतिक दल, निजी क्षेत्र, सञ्चार क्षेत्र, सामुदायिक, साँस्कृतिक तथा सामाजिक संघसंस्था, धार्मिक

संघसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, शैक्षिक संस्था, समुदाय, परिवार, आफन्त र युवा समूह भन्ने सम्झनुपर्छ।

## परिच्छेद २
## युवाको अवस्था पहिचान र सहकार्य सम्बन्धी व्यवस्था

**३. युवाको तथ्यांक अद्यावधिक गर्ने र अभिलेखीकरण गर्ने :** स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ३, दफा ११ को (च), (छ) र (ड) ले दिएको अधिकार तथा जिम्मेवारी अनुसार तपसिल बमोजिमको तथ्यांक संकलन तथा व्यवस्था गरिने छ :

क) युवाको जनसंख्या, लिंग, जातजाति, भाषा, धर्म, शैक्षिक अवस्था, अपांगता, पेशा व्यवसायजस्ता विषयमा तथ्यांक राख्ने र अद्यावधिक गरिने छ। यसरी तथ्यांक अद्यावधिक गर्दा पहिलो समूह र दोस्रो समूहका युवाको स्पष्ट खुलाई राखिने छ।

ख) युवाको क्षेत्रमा सक्रिय समूहको पहिचान गरी अभिलेख राख्ने युवा क्लब, युवा सामाजिक संघसंस्था, स्काउट, राजनीतिक दल, उद्यमी युवा, स्वयंसेवीजस्ता संगठित युवाको समूहलाई सहकार्यका लागि आव्हान गरिने छ।

ग) इच्छुक युवालाई विज्ञता वा अनुभवको प्राथमिकताका आधारमा रुची अनुसारको क्षेत्रमा संलग्न गराउन रोस्टर तयार गरी आवश्यकता अनुसार सहभागी गराइने छ।

घ) सूचना प्रविधिको प्रयोग गरी तथ्यांकको संकलन, अद्यावधिक र अभिलेख व्यवस्थापन परिने छ।

ङ) स्थानीय तह भित्रका विभिन्न विषयगत योजना निर्माण प्रक्रिया, कार्यान्वयन र अनुगमन कार्यमा युवालाई सरोकारवाला, साझेदार र विज्ञ सल्लाहकारको रुपमा सहभागी गराइने छ।

**४. नीति निर्माण तथा कार्यान्वयनमा युवाको सहभागिता :** युवामैत्री स्थानीय तह दिग्दर्शन, २०७९ लाई कार्यान्वयनमा ल्याउँदै इनरुवा नगरपालिकालाई सन् २०३० भित्र युवामैत्री नगरपालिकाको रुपमा विकास गर्नका लागि तपसिल बमोजिम नीति एवम् योजना निर्माण र कार्यान्वयनमा युवाको सहभागिता सुनिश्चित गरिने छ :

क) युवाको क्षमता विकास गरी आधारभूत शक्तिका रुपमा स्थापित गरी सबै तहका नीति तथा योजना निर्माण, निर्णय एवम् कार्यान्वयनमा युवाको सहभागिता गराइने छ।

ख) योजना छनौट र निर्माण प्रक्रियामा प्रत्यक्ष रुपमा युवालाई संलग्न गराउन संस्थागत प्रणालीको विकास गरिने छ।

ग) युवालाई विभिन्न क्षेत्रमा स्वयंसेवकका रुपमा सहभागी हुन अवसर प्रदान गरी नेतृत्वदायी भूमिकामा स्थापित गर्न र उदाहरणीय युवामैत्री स्थानीय शासन (Youth-Friendly Local Governance) को अवधारणालाई थप प्रभावकारी बनाइने छ।

**५) युवामैत्री कार्यक्रमको तर्जुमा :** क) युवामैत्री कार्यक्रम तर्जुमा, युवाका सवाल र सरोकारका विषयमा बहस, अन्तरक्रिया र पैरवीका लागि अनुकूल वातावरण सृजना गरिने छ।

ख) स्थानीय तहको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा युवाको ज्ञान, सीप, धारणा र समयको प्रभावकारी सदुपयोग गर्ने व्यवस्था मिलाइने छ।

ग) समावेशी सिद्धान्त र सकारात्मक विभेदको माध्यमबाट समाजमा पछाडि पारिएका महिला, युवा, अपांगता भएका युवा, दलित युवाजस्ता प्राथमिकता र विशेष प्राथमिकताका समूहका युवाहरुलाई

मूलप्रवाहीकरण गरिने छ। यसका लागि इनरुवा नगरपालिकामा जातजातिको आधारमा जनसंख्याको अनुपात, मानव विकास सूचकांक र शिक्षा, आय तथा Life Expectancy लाई आधार मानिने छ।

घ) विभिन्न उमेर समूहका युवाको अवस्था र आवश्यकता फरक हुने भएकोले युवालाई १६-२४ र २५-४० वर्ष गरी दुई समूहमा विभाजन गरी लक्षित कार्यक्रमहरु सञ्चालन गरिने छ। पहिलो उमेर समूहका युवालाई पूर्णकालीन औपचारिक अध्ययन र क्षमता अभिवृद्धिमा जोड दिइने छ भने दोस्रो समूहका युवाको रोजगारी तथा स्वरोजगारीमा जोड दिइने छ।

ङ) नेपालका प्रचलित कानुनले २० वर्षभन्दा कम उमेरमा हुने विवाहलाई वदरयोग्य विवाह र फौजदारी अपराधको रुपमा लिएकोले सोभन्दा कम उमेरमा हुने विवाहलाई शून्यमा झार्नका लागि युवाको सहभागिता र सक्रियतामा सचेतना तथा जागरणमूलक क्रियाकलाप सञ्चालन गरिने छ। जागरणमूलक क्रियाकलाप सञ्चालन र युवा परिचालनका लागि नगरपालिकाभित्र रहेका सञ्चार क्षेत्र, युवा समूह, सञ्जाल, बाल क्लब तथा युवा क्लब, महिला समूह, परिवर्तनका संवाहक समूह, किशोरी समूह, महिनावारी स्वच्छता सरोकार समूह लगायतसँग सहकार्य गरिने छ।

**६. विभिन्न संघसंस्थासँग सहकार्य तथा समन्वय :** क) स्थानीय तहको विकासमा युवा बीचको सहकार्य र समन्वयको क्षेत्रलाई संगठित गरी प्रभावकारी बनाइने छ।

ख) युवाको वृहत्तर विकासमा कार्य गर्न चाहने स्थानीय संघसंस्था, क्लब, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग समन्वय गरी सरल र सहज कार्य वातावरण सृजना गरिने छ।

## परिच्छेद ३
## योजना प्रक्रियामा युवाको सहभागिता सम्बन्धी व्यवस्था

**७. योजना तर्जुमा प्रक्रियामा युवा सहभागिता :** क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम टोल र वडास्तरीय आयोजना कार्यक्रम पहिचानको तहदेखि नै हरेक चरणमा संस्थागत रुपमा युवाको सहभागितामा गराइने छ। यसका लागि वडा तथा नगरपालिकामा रहेका युवा समूहहरुको प्रतिनिधिमूलक सहभागिता गराइने छ।

ख) योजना छनौट प्रक्रियामा हुने छलफल, प्राथमिकीकरण र निर्णय प्रक्रियामा संगठित वा असंगठित युवाको अर्थपूर्ण सहभागिता बढाउँदै लगिने छ र आर्थिक तथा प्राविधिक रुपमा सम्भाव्य परियोजना छनौट गर्न युवाको समावेशी सहभागिता सुनिश्चित गरिने छ।

ग) योजना छनौटको चरणमा वडाभित्र रहेका युवा सञ्जाल, क्लब तथा अन्य औपचारिक अनौपचारिक समूहले टोल तथा वडा तहमा हुने छलफलमा सहभागिता जनाउने छन्। नगरपालिका तहमा योजना छनौट र प्राथमिकीकरणका क्रममा नगर युवा परिषद् र युवा सञ्जालका प्रतिनिधिको सहभागितामा युवाका सवालहरु पहिचान गर्ने र योजना बनाउने व्यवस्था मिलाइने छ।

घ) योजनाको प्राथमिकीकरण गर्दा युवाका सवालसँग प्रत्यक्ष सरोकार राख्ने विषयलाई सम्बोधन हुनेगरी प्राथमिकीकरण गरिने छ। योजनाको प्राथमिकीकरणका क्रममा योजनाको स्तरीकरण गर्दा युवा रोजगारी अभिवृद्धि गर्ने विषयलाई सूचकको रुपमा समावेश गरिने छ।

ङ) योजना कार्यान्वयनका लागि आन्तरिक श्रोतको पहिचान गरी उपयोग गर्न युवालाई परिचालन गर्न उचित प्रवन्ध गरिने छ।

च) योजना कार्यान्वयनका क्रममा सशक्तीकरण, लक्षित समुदायको परिचालन, विपद् व्यवस्थापन, उद्धार एवम् राहत र पुनःस्थापना, वातावरण संरक्षणका लागि सचेतनामूलक कार्यक्रममा युवाहरुलाई परिचालन गरिने छ।

छ) नेपालका प्रचलित कानुनी प्रावधान, नीतिगत प्रावधान, राष्ट्रिय युवा नीति, युथ भिजन २०२५, दिगो विकास लक्ष्य, विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा नेपालले गरेका प्रतिवद्धता बमोजिम मपहानगरपालिकाको वार्षिक योजना तर्जुमा गर्दा युवानिर्दिष्ट कार्यक्रमलाई समावेश गर्न जोड दिइने छ।

ज) युवामैत्री स्थानीय शासन दिग्दर्शन, २०७९ लाई कार्यान्वयन गर्नका लागि नगरपालिका तहमा युवा लक्षित विशेष कार्यक्रम प्याकेज तयार गरी कार्यान्वयनमा ल्याइने छ।

**<u>८. उपभोक्ता समितिको गठनमा युवाको सहभागिताः</u>** उपभोक्ता समिति गठन गर्दा जनसंख्या र स्थानीय स्तरमा उपस्थितिको आधारमा युवाको समानुपातिक सहभागितामा जोड दिनेगरी उपभोक्ता समिति गठन सम्बन्धी कार्यविधिलाई कार्यान्वयन ल्याइने छ।

**<u>९. युवालाई विशेष अवसर प्रदान गर्ने:</u>** क) युवालाई संगठित र नेतृत्व विकास गर्न तथा स्वयंसेवाका क्षेत्रको पहिचान गरी विविध क्षेत्रमा योगदान गर्नेगरी अवसर प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने छ।

ख) योजना छनौट गर्दा स्थानीय तह भित्रका आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यावरणीय विषयमा जनचेतना अभिवृद्धि तथा सशक्तीकरण गर्ने कार्यमा युवाको भूमिकालाई प्राथमिकता दिइने छ।

ग) विपद्, कोभिडजस्ता प्राकृतिक विपद्को समयमा टेलिफोन, इन्टरनेट वा अन्य विद्युतीय माध्यमको प्रयोग गरी सरोकारवालाबीच आवश्यक अन्तरक्रिया, छलफल, बैठक आयोजना गरी आवश्यक सहजीकरणका लागि युवाको परिचालन गरिने छ।

**<u>१०. वार्षिक बजेट विनियोजन सम्बन्धी व्यवस्थाः</u>** युवा लक्षित कार्यक्रम कार्यान्वयनका लागि छुट्याइएको तोकिएका बजेट तथा तोकिएका कार्यक्रम अनिवार्य रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

**<u>११. योजना कार्यान्वयनमा युवा सहभागिताः</u>** क) योजना कार्यान्वयनमा सार्वजनिक सूचना सम्प्रेषकको भूमिका निर्वाह गर्नेगरी युवालाई महत्वपूर्ण साझेदारको रुपमा सक्रिय सहभागी गराइने छ।

ख) साझेदारीमा विभिन्न विषय तथा क्षेत्रगत कार्यक्रम सञ्चालनका लागि युवालाई आव्हान गरिने छ।

ग) युवासँगको साझेदारीमा सीप विकास, उद्यमशीलता, सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण र सामाजिक साँस्कृतिक रुपान्तरण अभियानजस्ता कार्यक्रम सञ्चालन गरिने छ।

घ) स्थानीय तहसम्म युवा परिषद्, युवा सञ्जाल र वडा क्लबलाई योजनाको प्रक्रियामा संलग्न गराई आवश्यक पृष्ठपोषण लिइने छ। यसरी युवाको सहभागिता गराउँदा लिखित रुपमा नै आवश्यकताको पहिचान गरिने छ।

**<u>१२. अनुगमन तथा सुपरीवेक्षणमा युवाको संलग्नताः</u>** क) योजना कार्यान्वयनको कार्यकुशलता एवम् प्रभावकारिताको अनुगमन गर्ने एवम् सार्वजनिक जवाफदेहिताको सुनिश्चितताको लागि सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षणजस्ता औजार प्रयोग गर्ने गराउने कार्यमा युवालाई संलग्न गराइने छ।

ख) नगरपालिका क्षेत्रभित्र सञ्चालित विकास आयोजनाको अनुगमन तथा सुपरीवेक्षण कार्यमा युवाको विषयगत विज्ञताको आधारमा समन्वय समितिको सिफारिसमा सहभागिता सुनिश्चित गरिने छ।

ग) युवाका विषयमा र युवासँगको साझेदारीमा भएका कार्यक्रमको नियमित अनुगमन, सुपरीवेक्षण र मूल्यांकन युवा समन्वय समितिले गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्नेछ।

घ) स्थानीय तहका योजना अनुगमन तथा सुपरीवेक्षणमा संलग्न उत्कृष्ट युवा तथा युवा कार्यक्रमलाई वार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ।

## परिच्छेद ४
## युवा समन्वय समिति सम्बन्धी व्यवस्था

**१३. युवा समन्वय समितिको गठनः** क) युवाको योजना निर्माणमा सहभागिता र युवासँग सम्बन्धित कार्यक्रमको समन्वयका लागि नगरपालिकाका उपप्रमुखको संयोजकत्वमा १३ सदस्यीय नगरपालिकास्तरीय युवा समन्वय समितिको गठन गरिने छ, जुन तपसिल बमोजिम हुनेछ :

अ) उपप्रमुख : संयोजक

आ) प्रमुख प्रशासकीय अधिकृतले तोकेका अधिकृतः सदस्य

इ) सामाजिक विकास समितिका संयोजक : सदस्य

ई) सामाजिक विकास समितिका सदस्यहरु :सदस्य

उ) उद्यम विकास शाखा संयोजक : सदस्य

ऊ) रोजगार प्रवर्द्धन शाखा संयोजक : सदस्य

ए) महिला तथा बालबालिका शाखा प्रमुख : सदस्य

ऐ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख : सदस्य सचिव

ओ) क्रियाशील युवा, युवा क्लब, युवा सामाजिक संघसंस्था मध्येबाट नगर प्रमुखको परामर्शमा समितिले समावेशी सिद्धान्तका आधारमा मनोनित गरेका दुई जना महिला समेत ५ जना : सदस्य

ख) दफा १३ (क) ऊ अनुसार मनोनित गर्दा दुबै उमेर समूहका युवाको समान प्रतिनिधित्व सुनिश्चित गरिने छ।

ग) वडा स्तरमा वडा अध्यक्षको संयोजकत्वमा सात सदस्यीय युवा समन्वय समिति गठन गरिने छ। समितिका सदस्यहरुमा वडा क्षेत्रभित्र क्रियाशील युवा क्लबका सदस्य, युवा समूहका सदस्यहरुबाट कम्तिमा तीन जना महिलासहित ६ जना रहने छन्।

**१४. मनोनित सदस्यको योग्यताः** क) देहायको योग्यता पुगेको युवा व्यक्ति नगरपालिका स्तरीय युवा समन्वय समितिमा मनोनयनका लागि योग्य हुनेछ :

अ) इनरुवा नगरपालिकाभित्र बसोबास गर्ने, १६ देखि ४० वर्षसम्म उमेर भएको

ख) आधारभूत शिक्षा पूरा गरेको

ग) युवासँग सम्बन्धित आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक, स्वयंसेवा वा निजले प्रतिनिधित्व गर्ने क्षेत्र कृषि, उद्यम, खेलकुदजस्ता क्षेत्रमा कम्तिमा दुई वर्षको कार्य अनुभव भएको

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग नलागेको

ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियान लागेको व्यक्ति भए सो अभियानबाट सफाइ पाएको तीन वर्ष पूरा भएको

च) सरकारी सम्पत्ति हिनामिना नगरेको

**१५. समितिका पदाधिकारी तथा सदस्यको पदावधिः** क) समितिका मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ।

ख) आवश्यकता अनुसार मनोनित सदस्यको पदावधि एक वर्ष थप गर्न सकिनेछ।

ग) कुनै पनि मनोनित सदस्यहरुको कार्यकाल चार वर्ष पूरा नभएको भए पनि, स्थानीय तहको निर्वाचन भै नयाँ जनप्रतिनिधि निर्वाचित भैसकेपछि सामाजिक विकास समिति परिवर्तनसँगै युवा समन्वय समिति समेत स्वतः परिवर्तन हुनेछ ।

**१६. मनोनित सदस्यको पद रिक्त हुने:** क) देहायको अवस्थामा समितिका मनोनित सदस्यको पद रिक्त भएको मानिने छ :

अ) पदबाट राजीनामा दिएमा

आ) नैतिक पतन हुने फौजदारी अभियोग प्रमाणित भएमा

इ) पदीय आचरण विपरीत काम गरेमा

ई) मृत्यु भएमा

ख) उपदफा (क) को खण्ड (इ) बमोजिम पदबाट हटाउने कारवाही गर्नुअघि निजलाई सफाइ पेश गर्ने मौका दिइने छ ।

ग) समितिको कुनै पनि पद रिक्त भएमा बाँकी अवधिका लागि क्षेत्रगत प्रतिनिधित्व कायम राखी नियुक्ति गर्न सकिने छ ।

**१७. समितिको काम, कर्तव्य तथा अधिकार:** क) समितिको काम, कर्तव्य र अधिकार अन्य धारामा उल्लेख भए अतिरिक्त देहाय बमोजिम हुनेछ :

अ) स्थानीय तहमा रहेका युवाको अभिलेखीकरण गर्ने, विवरण अद्यावधिक गर्ने तथा उनीहरुको रुचीको क्षेत्र पहिचान सहित योग्य र सक्षम युवाको छनौट गर्न पालिकालाई सहयोग गर्ने

आ) युवासम्बन्धी कार्यक्रम एवम् आयोजना सञ्चालन गर्न आवश्यक समन्वय गर्ने

इ) वार्षिक योजना तर्जुमा प्रक्रियामा युवाको सहभागिताका लागि वडा कार्यालय, वडास्तरीय समिति र विषयगत समितिहरुसँग समन्वय गर्ने

ई) योजना चक्रमा युवाको सहभागिता अभिवृद्धि गर्न वडा युवा क्लब, नगरपालिकास्तरीय युवा सञ्जाल, उपमहानगरपालिकास्तरीय युवा परिषद् र अन्य सरोकारवालासँग नियमित समन्वय र सहकार्य गर्ने

उ) युवाको प्रतिनिधित्वको समीक्षाका साथै कार्यक्रहरुको अनुगमन तथा सुपरीवेक्षण गर्ने

ऊ) युवाले सञ्चालन गरेका आयोजना वा क्रियाकलापसम्बन्धी अभिलेखलाई दुरुस्त राख्ने

ए) नगर भित्रका सरकारी, गैरसरकारी एवम् अन्य सामाजिक संघसंस्थालाई आवश्यकता अनुसार युवा विकास तथा प्रवर्द्धन सम्बद्ध कार्यक्रमहरु कार्यान्वयनका लागि समन्वय, सहजीकरण र निर्देशन गर्ने

ऐ) युवाको क्षमता अभिवृद्धि तथा स्वयंसेवाका क्षेत्रहरुको पहिचान गरी आवश्यक कार्यक्रमका लागि कार्यपालिकालाई सिफारिस गर्ने

ओ) विद्यालय तथा क्याम्पस स्तरमा युवा क्लब गठन र उनीहरुको सहभागितालाई अभिवृद्धि गरी सवल युवा र सक्षम नागरिक बनाउन भूमिका निर्वाह गर्ने

औ) स्थानीय तहले तोकेका युवा समन्वयसम्बन्धी अन्य कार्य गर्ने

ख) उपदफा (क) मा तोकिएको काम, कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय तहले युवा परिचालनको आवश्यकता देखेमा युवा समन्वय समितिसँगको परामर्शमा कार्यपालिकाबाट निर्णय गराई थप जिम्मेवारी तोक्न वाधा पुऱ्याएको मानिने छैन ।

**१८. समितिको बैठक सम्बन्धी व्यवस्था :** क) समितिको बैठक सामान्यतयाः दुई महिनामा एक पटक बस्ने छ । आवश्यकता अनुसार थप बैठक समेत बस्न सकिने छ ।

ख) बैठकमा कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिने छ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिने छ ।

ग) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । संयोजकको अनुपस्थितिमा उपस्थितमध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

घ) बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

**१९. समितिका पदाधिकारी एवम् सदस्यको आचारसंहिता सम्बन्धी व्यवस्था :** युवा समन्वय समितिका पदाधिकारी तथा सदस्यहरुले समितिका निर्णय र कामकारवाहीलाई पारदर्शी र विश्वासिलो बनाउन समितिको आचारसंहिता बनाई लागू गर्नुपर्नेछ ।

## परिच्छेद ५
## समन्वय तथा सहकार्य सम्बन्धी व्यवस्था

**२०. स्थानीय योजना प्रक्रियामा युवा सहभागिता :** क) देहाय बमोजिमका व्यक्ति तथा संस्थालाई स्थानीय योजना प्रक्रियामा युवा सहभागितासम्बन्धी सरोकारवालाको रुपमा पहिचान गरिने छ :

अ) स्थानीय तहको शिक्षा, युवा र खेलकुद शाखा

आ) स्थानीय स्तरका विभिन्न राजनीतिक दल र भातृ संगठन

इ) युवाको क्षेत्रमा स्थानीय स्तरमा काम गर्ने विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा विकास साझेदार

ई) स्थानीय स्तरमा गठन भएका युवा सञ्जाल, युवा सञ्जालहरुको समन्वय समिति, माध्यमिक विद्यालय तहमा गठन भएका महिनावारी स्वच्छता सरोकार समूह तथा युवा समूह, नगरपालिकामा दर्ता वा सूचीकृत भएका अन्य युवा सञ्जाल तथा समूह

उ) विभिन्न पेशा व्यवसायमा संलग्न युवा उद्यमी, अनुसन्धानकर्ता, विद्वत्वर्ग

ऊ) युवाका सवालमा क्रियाशील रहने, वहस पैरवी गर्ने, सहयोगी भूमिका खेल्ने र आफ्नो उद्धेश्यमा युवाको सशक्तीकरण र युवा केन्द्रित अन्य कार्यक्रम समावेश भएका स्थानीय व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, बजार व्यवस्थापन समिति, फोहरमैला व्यवस्थापन समिति, वातावरण समिति, टोल विकास संस्था वा समिति, उपभोक्ता समिति, महिला समूह वा आमा समूह, सहकारी र धार्मिक समुदायजस्ता विभिन्न विषयगत समूह

**२१. स्थानीय योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी सरोकारवालाको भूमिका**

**क) नगरपालिकाको भूमिका**

अ) नगरपालिका र वडा तहको नीति निर्माण प्रक्रियामा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने

आ) नगरपालिका स्तरमा युवा परिषद्, नगरपालिकास्तरीय युवा समन्वय समिति गठन गरी युवाका लागि नेतृत्व विकास र स्वयंसेवाका अवसर सृजना गर्ने

इ) शिक्षा, युवा र खेलकुद शाखाले विभागका कार्यसँग समाहित गर्दै थप कार्यक्रमका लागि प्रत्येक आर्थिक वर्षमा आन्तरिक, बाह्य र सशर्त बजेटका लागि पहलहदमी लिने

ई) योजना प्रक्रियामा युवाको सहभागिता, सहकार्य र नेतृत्व विकास गर्ने

उ) नमूना युवामैत्री नगरको रुपमा स्थापित हुन आवश्यकता अनुसार राष्ट्रिय युवा परिषद् र जिल्ला युवा परिषद्सँग समन्वय गर्ने

**ख) विकास साझेदारहरुको भूमिका**

अ) अन्तर्राष्ट्रिय गैरसरकारी क्षेत्र, अन्तरदेशीय निकाय, संयुक्त राष्ट्रसंघजस्ता विकास साझेदारले युवाको नेतृत्व विकास हुने कार्यक्रममा लगानी गर्ने

आ) नगर कार्यपालिकासँगको समन्वय र सहकार्यमा कार्यक्रम तय गर्ने

इ) नगर कार्यपालिकाले प्राथमिकीकरण गरेका युवाका क्षेत्रका कार्यक्रमलाई आधार बनाई कार्यक्रम सञ्चालन कार्ययोजना बनाउने

**ग) निजी क्षेत्रको भूमिका**

अ) निजी क्षेत्रले सामाजिक उत्तरदायित्व अन्तर्गत युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने

आ) निजी क्षेत्रको नेतृत्वमा हुने कार्यक्रममा युवाको सहयोग लिने र युवा वर्गलाई उत्प्रेरित गर्ने

इ) सार्वजनिक उत्तरदायित्व (कर्पोरेट सोसल रेस्पोन्सिबलटी) अन्तर्गतको रकम युवा विकास तथा सशक्तीकरणको क्षेत्रमा लगानी गर्ने

**घ) सामाजिक संघसंस्थाको भूमिका**

अ) सामाजिक संघसंस्थाका सञ्जालमा युवाको नेतृत्व र मुद्धालाई प्राथमिकता दिने

आ) युवामा सदाचार प्रवर्द्धन गर्ने, नेतृत्व विकास गर्ने खालका कार्यक्रम तय गर्ने

इ) युवाको नेतृत्व विकासका लागि उनीहरुको सीप तथा क्षमता अभिवृद्धि हुने कार्यक्रम लागू गर्ने

ई) स्थानीय तहसँगको समन्वयमा युवा लक्षित कार्यक्रम कार्यान्वयन गर्ने

**ङ) सञ्चार क्षेत्रको भूमिका**

अ) युवाको सहभागिताका विषय सञ्चार माध्यममा प्राथमिकताका साथ उठाउने

आ) युवाले गरेका सकारात्मक कार्यको प्रचारप्रसार गर्ने

इ) युवाको सशक्तीकरण र युवालाई दिशानिर्देश हुने खालका कार्यक्रमको प्रकाशन तथा प्रसारणमा जोड दिने

ई) युवाको नेतृत्वमा भएका सफलतालाई प्राथमिकता दिने

**२२. समन्वय र सहकार्य :** क) युवाको सहभागिता अभिवृद्धिका लागि संघस्तरमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय योजना आयोग र विभिन्न विषयगत मन्त्रालय, राष्ट्रिय युवा परिषद् र मातहतका समिति, प्रदेश सरकारमा युवा क्षेत्र हेर्ने मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग र अन्य विषयगत मन्त्रालयबाट हुने युवासम्बन्धी संघ तथा प्रदेशका नीति तथा कार्यक्रम र बजेटका लागि उचित समन्वय र सहकार्य गरिने छ।

ख) योजना निर्माण प्रक्रियामा युवा सहभागिता सुनिश्चित गर्न स्थानीय तहबाट युवाको विकासका लागि गरिएका प्रयासमा साझेदारी बढाई स्थानीय तहमा युवा संयन्त्रको विकास गरिने छ।

ग) युवाको समग्र विकास गरी नेतृत्व स्थापित गर्न र स्वयंसेवाका अवसर सृजन ागर्न विभिन्न युवा संघसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, निजी क्षेत्र र विकास साझेदारबाट साझा रुपमा विभिन्न कार्यक्रम सञ्चालन गरिने छ।

घ) युवा विकासमा कार्यरत संघसंस्था, सञ्जाल, युवा क्लब, रेडक्रस, स्काउट, निजी क्षेत्रका युवा, उद्यमी संस्थाको साझेदारीमा सहकार्य गरी यस कार्यविधि कार्यान्वयन गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ।

## परिच्छेद ६
## विविध

**२३. सहयोग गर्नुपर्ने :** यस कार्यविधि बमोजिम युवा सहभागिता बढाउनका लागि आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**२४. व्यख्या गर्ने अधिकार :** यस कार्यविधिमा भएका कुनै पनि व्यवस्था अस्पष्ट भएमा सोको अन्तिम व्याख्या नगर कार्यपालिकाले गर्नेछ।

**२५. वाधा अड्काउ फुकाउन सक्ने :** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा अड्चन आएमा नगर कार्यपालिकाले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ।

**२६. संशोधन गर्न सक्ने :** कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधिमा संशोधन गर्न सक्नेछ।

## अनुसूची १
(दफा ३ (क) सँग सम्बन्धित)
**युवाको तथ्यांक अभिलेखीकरण र अद्यावधिक गर्ने फारामको ढाँचा**

**परिचयात्मक खण्ड**

नाम थर :

स्थानीय तहको नाम : वडा नं.

घरमुलीको नाम : जातजाति :

परिवार संख्या : महिला : पुरुष : अन्य :

अपांगता भए अपांग सदस्य संख्या :

अपांगताको किसिम :

**व्यक्तिगत खण्ड (१६ देखि ४० वर्ष उमेर समूहका लागि)**

क) उमेर : ख) लिंग :

ग) वैवाहिक अवस्था : विवाहित/अविवाहित/एकल

घ) अपांगता भए अपांगताको किसिम :

ङ) शैक्षिक योग्यता : च) पेशा व्यवसाय :

छ) आवद्धता :

**शैक्षिक अवस्था :**

शैक्षिक संस्थामा पढ्न लेख्न गएको ☐ कहिल्यै विद्यालय वा विश्वविद्यालयमा नगएको ☐

हालको विद्यालय वा विश्वविद्यालय :

**शैक्षिक स्तर**

साक्षर वा अनौपचारिक शिक्षा लिएको ☐ आधारभूत तह उत्तीर्ण ☐ माध्यमिक तह उत्तीर्ण ☐
प्रवीणता प्रमाणपत्र तह ☐ स्नातक तह☐ स्नातकात्तर तह ☐ विद्यावारिधी ☐

**अध्ययन गरेको क्षेत्र :**

मानविकी तथा सामाजिक शिक्षा ☐ व्यवस्थापन ☐ शिक्षा शास्त्र ☐ विज्ञान तथा प्रविधि☐
स्वास्थ्य/चिकित्साशास्त्र ☐ इञ्जिनियरिङ ☐ कानुन ☐ कृषि ☐ वन☐
पशुविज्ञान/पशुचिकित्सा र मत्स्यपालन ☐ कम्प्युटर वा सूचना विज्ञान ☐ अन्य ☐

**पेशा/व्यवसाय**

घरेलु उद्योग ☐ व्यापार ☐ सेवा ☐ कृषि ☐ वैदेशिक रोजगार ☐ अर्धरोजगार ☐ पूर्ण बेरोजगार ☐

हालसम्म लिएका तालिम :

| तालिमको नाम | तालिम अवधि | तालिम लिएको निकाय |
|---|---|---|
| | | |
| | | |
| | | |

| | | |
|---|---|---|
| | | |

मासिक आम्दान : वार्षिक आम्दानी :

सम्पत्तिको विवरण :

**अपांगताको अवस्था**

अपांगता भएको ☐ अपांगता नभएको ☐

| अपांगता भएको भए अपांगताको किसिम | |
|---|---|
| शारीरिक अपांगता ☐ | बहिरा ☐ |
| सुस्त श्रवण ☐ | पूर्ण दृष्टिविहिन ☐ |
| न्यून दृष्टियुक्त ☐ | श्वर तथा बोलाइसम्बन्धी ☐ |
| श्रवण दृष्टिविहिन ☐ | अनुवंशीय रक्तश्राव (हेमोफेलिया) ☐ |
| अटिजम ☐ | बौद्धिक अपांगता ☐ |
| मनोसामाजिक अपांगता ☐ | बहुअपांगता ☐ |

**विज्ञताको क्षेत्र :**

**रुचीको क्षेत्र :**

## अनुसूची २

**(दफा ३ को उपदफा ग सँग सम्बन्धित)**

**इच्छुक युवालाई विज्ञता वा अनुभवको प्राथमिकताका आधारमा रुची अनुरुप संलग्न हुने फारामको ढाँचा**

श्री संयोजकज्यू
युवा समन्वय समिति
इनरुवा नगरपालिका, सुनसरी, नेपाल

| हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
|---|

**विषय : स्वयंसेवकका रुपमा सहभागी हुन पाऊँ**

महोदय,
म विगत .............. वर्षदेखि .......................... को क्षेत्रमा/विषयमा काम गर्दै आइरहेको छु । म यस इनरुवा नगरपालिकामा सोही बमोजिमका योजना र कार्यक्रमको सुरुवात गरिएकोले मेरो शैक्षिक योग्यता, कार्यअनुभवका आधारमा ....................................... कार्यका लागि स्वयंसेवकको रुपमा काम गर्न इच्छुक रहेकोले यो निवेदन पेश गरेको छु ।

१) नाम थर :
२) ठेगाना
क) स्थायी ठेगाना : ...................................... पालिका, वडा नं. ............, टोल ................
ख) अस्थायी ठेगाना : .................................... पालिका, वडा नं. ............, टोल ................
सम्पर्क नं. : इमेल :
३) लिंग :
४) जन्म मिति : उमेर (वर्षमा) :
५) वैवाहिक स्थिति : विवाहित ☐ अविवाहित ☐ एकल ☐
६) विवाहिक भए पति वा पत्नीको नाम :
७) धर्म :
८) नेपाली नागरिकताको प्रमाणपत्रको नम्बर, जारी भएको मिति र जिल्ला :
९) बाबुको नाम : १०) आमाको नाम :
११) शैक्षिक योग्यता :
१२) अपांगता भएमा सोको विवरण :
१३) सेवा गर्न चाहेको क्षेत्र विज्ञता र रुचीको विषय :
१४) सेवा गर्न चाहेको अवधि :
१५) सम्बन्धित विषयमा कुनै तालिम लिएको भए :
क)
ख)
ग)

सेवा गर्न चाहेको विषयको अनुभव भएमा :
क) ................ देखि .................... सम्म ......................... पद ............... कार्यालय
ख) ................ देखि .................... सम्म ......................... पद ............... कार्यालय
ग) ................ देखि .................... सम्म ......................... पद ............... कार्यालय
घ) ................ देखि .................... सम्म ......................... पद ............... कार्यालय

(यो निवेदनसँगै नागरिकताको प्रतिलिपी, शैक्षिक प्रमाणपत्रको प्रतिलिपी र तालिम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपी र अनुभवको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ)

आवेदकको नाम थर : दस्तखत :
मिति :

## अनुसूची ३
### (दफा ९ को उपदफा 'क'सँग सम्बन्धित)
### युवाको नेतृत्व विकास र स्वयंसेवाका क्षेत्र

**१) नेतृत्व विकासका क्षेत्र**

**अ) युवाको क्षमता विकास**

यो कार्यविधिले सार्वजनिक नीति निर्माण, योजना निर्माण, निर्णय प्रक्रिया, कार्यान्वयन र अनुगमनमा युवा सहभागिता बढाउने र युवाको नेतृत्वमा सामाजिक, आर्थिक रुपान्तरण र वातावरणीय समस्या समाधान गरी राष्ट्र निर्माणमा युवा स्वयंसेवालाई आम संस्कृतिका रुपमा विकास गर्न र युवालाई योजना निर्माण प्रक्रियाको नेतृत्वमा पुऱ्याउन निम्न क्षेत्रमा युवाको क्षमता विकास गर्न आवश्यक छ :

क) युवा नेतृत्व विकासका लागि युवाको रुची, ज्ञान, सीप र धारणाको आधारमा राष्ट्र निर्माणमा संलग्न हुन उत्प्रेरणा जगाई काम गर्ने अवसर सृजना गर्ने

ख) युवा विकास तथा तालिम, आपसी छलफल, गोष्ठी, अध्ययन, अनुसन्धान, नेतृत्व तालिम र क्षमता अभिवृद्धि, साँस्कृतिक आदानप्रदान र सहकार्यको संस्कृति बनाउन स्थानीय तहमा युवा विकास श्रोत केन्द्र निर्माण गर्ने

ग) युवा, नागरिक संघसंस्था, सञ्जाल, उद्यमशील युवा लगायत विशेष प्राथमिकता समूहका विभिन्न प्रतिभावान युवा छनौट गरी नेतृत्व विकासका लागि विशिष्टीकृत तालिम सञ्चालन गर्ने

घ) युवा नेतृत्व प्रतिष्ठान स्थापना गरी नियमित रुपमा युवाको नेतृत्व गर्ने जनशक्ति तयार गर्ने

ङ) युवाको नेतृत्व विकास र क्षमता अभिवृद्धिका लागि प्रादेशिक, संघयि, अन्तरदेशीय, दक्षिण एशियाली र अन्तर्राष्ट्रिय तालिम, गोष्ठी तथा युवा लक्षित कार्यक्रम र शिविरमा युवालाई सहभागी गराउने

च) युवा प्रतिभाको खोजी गरी प्रोत्साहन गर्ने तथा निजको विकास गर्न मदत पुऱ्याउने

**आ) नवप्रवर्तन, सीप विकास र उद्यमशीलता प्रवर्द्धन**

क) युवाका नवीनतम विचारलाई संकलन र मूल्यांकन गरी उत्कृष्ट विचारलाई समावेश गर्ने

ख) युवालाई सहकारीजस्ता विभिन्न सामाजिक आर्थिक समूहमा आवद्ध गराई उत्पादनका क्षेत्रमा सरिक गराउने र अगुवा उद्यमी युवा उत्पादन गर्ने

ग) युवाको सीपलाई रोजगारी र बजारसँग जोड्ने । उद्यमशीलता प्रवर्द्धनमा भैरहेका कार्यक्रममा सरकारी आर्थिक सहायता, प्रविधिको उपलब्धता र सहुलियतपूर्ण कर्जा सहयोगजस्ता विषयमा वित्तीय संस्था र युवा बीचमा सहजीकरण गर्ने

घ) युवा सूचना केन्द्रको मजबूतीकरण गरी सोमार्फत युवा रोजगार कार्यक्रमलाई समन्वयात्मक तरिकाले वडा तहसम्म विस्तार गर्ने

ङ) विदेशमा रहेका प्रतिभावान युवाको सीप, क्षमता र प्रतिभालाई प्रोत्साहन र सम्मान गर्दै स्वदेशको हितमा सदुपयोग गर्ने

**इ) युवा क्लब र सञ्जाल गठन तथा परिचालन**

क) छरिएर रहेका युवालाई संगठित गर्ने । प्रत्येक वडामा वडास्तरीय युवा क्लब गठन गर्ने र सबै क्षेत्रका युवा र वडा युवा क्लबबाट प्रतिनिधित्व हुनेगरी नगरपालिकास्तरीय युवा सञ्जाल निर्माण गरी युवा संस्था तथा सञ्जालसँग सहकार्य गर्ने

ख) बढ्दो सहजीकरण र अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न र सबै प्रकारका जोखिमबाट सुरक्षित रहन युवा समूहलाई जागरुक बनाउने

ग) युवा निरक्षरता उन्मूलन, वातावरण संरक्षण, ग्रामीण स्वास्थ्य स्वयंसेवा, सीप विकास र उद्यमशीलताका लागि युवा सञ्जाललाई सहयोग उपलब्ध गराई परिचालन गर्ने

घ) सार्वजनिक सेवा प्रवाह, नीति निर्माण, विकास व्यवस्थापन, सामाजिक, आर्थिक रुपान्तरणमा युवा सहभागिता सुनिश्चित गरी महत्वपूर्ण जिम्मेवारी प्रदान गर्ने

ङ) प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय सेवा र अवसरमा युवाको सहभागिता सुनिश्चित गर्ने

च) महिला, दलित, मधेशी, मुस्लिम, अपांग, आदिवासी जनजाति, पिछडिएको क्षेत्रका अल्पसंख्यक, लैंगिक तथा यौनिक अल्पसंख्यक युवाको समावेशिता महत्वपूर्ण स्थानमा सुनिश्चित भए नभएको थाहा पाउन समावेशिता परीक्षण कार्यक्रम (GESI Audit) सञ्चालन गर्ने

**ई) युवा हक अधिकारको सुनिश्चितता**

क) सामाजिक र नागरिक अधिकार र दायित्वसम्बन्धी चेतना अभिवृद्धि गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने

ख) विद्यालय, विश्वविद्यालय र युवा क्लबमार्फत युवा नेतृत्व, युवाको नीति निर्माण तहमा नेतृत्वको महत्व, युवा समावेशी अधिकार, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, गुणस्तरीय शिक्षा तथा रोजगारको अधिकार, युवाको भूमिका तथा प्राकृतिक श्रोत साधनमाथिको अधिकार, युवाको खाद्य अधिकार, युवाको आर्थिक, राजनीतिक, सामाजिक तथा साँस्कृतिक अधिकार तथा वातावरणीय अधिकारका विषयमा सचेतना कार्यक्रमहरु सञ्चाल नगर्ने

ग) जिम्मेवार युवा नागरिक तयार गरी लोकतन्त्र, मानवअधिकार र सुशासन प्रवर्द्धन गर्न युवाको समाज, परिवार, वातावरण र समग्र राष्ट्रप्रतिको दायित्वसँग सम्बन्धित उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन गर्ने

**उ) युवा सहकार्य**

क) मानवअधिकार, लोकतन्त्र, सुशासन, वातावरण संरक्षण, युवा विकास र अधिकारका लागि अन्तराष्ट्रिय संघसंस्था, गैरआवासीय नेपाली युवा, दातृ निकाय तथा विभिन्न प्रदेश तथा देशका युवाबीच सहकार्य बढाउने । अन्य स्थानीय तहसँग युवा भगिनी र मितेरी कार्यक्रम सञ्चालन गर्ने

ख) सामाजिक साँस्कृतिक सम्मिलनका लागि विविध जाति, धर्म, सम्प्रदाय, लिंग, क्षेत्रका युवाबीच सहअस्तित्व, सहकार्य र सद्भाव विकास गर्न अन्तरसाँस्कृतिक युवा सम्मेलन, महोत्सव गर्ने

ग) पुरानो पुस्ताको अनुभव र नयाँ पुस्ताको ऊर्जाको समिश्रण गरी दुबै पुस्ताबीचमा सहकार्य (Inter-generation Partnership) गरी समृद्धिका लागि पुस्तान्तरण, सकारात्मक अनुभवको हस्तान्तरण र रुपान्तरण कार्यक्रम सञ्चालन गर्ने

**ऊ) आमसञ्चार र युवा**

क) स्थानीय, प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय ज्ञान, अवसर तथा प्रविधिका विषयमा युवालाई समुचित गराउन एवम् सामाजिक विकृति, विसंगति, हिंसा, अपराध, बेचविखन तथा दुर्व्यसनका विषयमा युवाालाई सचेत गराउन रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने र बुलेटिन तथा खवरपत्रिका प्रकाशन गर्ने

ख) सूचना सम्प्रेषणका लागि युवाको नेतृत्वमा स्थानीय सूचना केन्द्रबाट सेवा प्रवाह गर्नुका साथै छुट्टै अनलाइन पत्रिका र वेबसाइट सञ्चालन गर्ने

**ए) सामाजिक समावेशीकरण**

क) नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रममा अपांगता भएका युवा, जोखिममा रहेका युवा, द्वन्द्व प्रभावित युवा, अल्पसंख्यक र सीमान्तकृत युवा, दलित, मुस्लिम समुदाय र पछाडि पारिएको क्षेत्रका युवाजस्ता लक्षित समूहका युवाको सहभागिता सुनिश्चित गर्ने

ख) युवाभित्रको सामाजिक समावेशिता अभिवृद्धिका लागि स्थानीय भाषामा सूचना प्रकाशन, ब्रेल लिपी, दोभाषेको व्यवस्था, अपांगमैत्री सामाजिक संरचना, लैंगिक संवेदनशील भाषा र संरचनाको व्यवस्था गर्ने

ग) प्राथमिकता र विशेष प्राथमिकतामा रहेका युवाको सशक्तीकरण र अभिमुखीकरण, आवश्यकता अनुसारको सीपमूलक र व्यवसायिक शिक्षा, स्वास्थ्य उपचार सेवा र रोजगारी लगायतका विषयमा विशेष ध्यान दिने

**२. युवा स्वयंसेवाका क्षेत्र**

**अ) मानवीय कार्यमा युवा स्वयंसेवा**

क) शैक्षिक बेरोजगार युवालाई लक्षित गरी विभिन्न क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने र यसलाई वृद्धि गर्दै लैजाने । यस्ता स्वयंसेवक शिक्षा, सामाजिक चेतना, ग्रामीण स्वास्थ्य, वातावरण, सूचना केन्द्र, कृषि तथा सेवा क्षेत्रहरुमा परिचालन गर्ने

ख) रक्तदान, सरसफाइ, विपद् व्यवस्थापन, आमपरिचालन लगायतका स्वयंसेवी कार्यक्रमहरु आयोजना गर्ने र यस्ता कार्यक्रम युवा क्लबमार्फत अघि बढाउने

ग) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय स्वयंसेवा दल, नेपाल स्काउट, नेपाल रेडक्रस सोसाइटी, विद्यार्थी, राजनीतिक संगठन, क्लब तथा युवा संघ संस्थाको समन्वयमा आपतकालीन स्वयंसेवा प्रशिक्षण दिने तथा परिचयपत्र प्रदान गरी समाजसेवाका विभिन्न क्षेत्र, जसतै भूकम्प, प्राकृतिक विपत्ति, महामारी, दूर्घटना, खाद्य संकट र भोकमरी, डढेलो, द्वन्द्व तथा बाढीपहिरोजस्ता विपद्हरुमा परिचालन गर्ने

**आ) वन तथा वातावरण संरक्षण र पर्यटन प्रवर्द्धनमा युवा संलग्नता**

क) युव ग्रिन क्लब निर्माण गरी वातावरण सचेतना र संरक्षण, सरसफाइ, वृक्षारोपण लगायतका कार्यक्रम सञ्चालन गर्ने

ख) हैसियत बिग्रेका वन, उपयोगविहिन खाली जग्गा रहेको वन क्षेत्र, सडक, बाटो र खोलाका किनार, विद्यालय र सार्वजनिक स्थलमा वृक्षारोपण तथा वन संरक्षणमा युवा परिचालन गर्ने

ग) पर्यटन विकासका लागि होमस्टे, नयाँ पदयात्रा गन्तव्य र साहसिक पर्यटनको सम्भावनाको खोजी, साँस्कृतिक सम्पदा संरक्षण, नयाँ पर्यटकीय स्थलको प्रवद्धन गर्न युवाको नेतृत्व र सहभागितामा विभिन्न महोत्सव र कार्यक्रम आयोजना गर्ने

**इ) स्वयंसेवालाई विकासको आधारशीलाको रुपमा स्थापित गर्ने**

क) स्वयंसेवा गरेका युवालाई रोजगारीका अवसर, निर्वाह भत्ता, पदोन्नति र अन्य सेवाका लागि सकारात्मक मूल्यांकन गर्ने । युवा स्वयंसेवक समूह गठन गरी विपद् तथा आपतकालीन अवस्थामा परिचालन गर्न युवा सवयंसेवक तयार गर्ने । स्वयंसेवाको अनुभव भएका युवालाई विशेष प्राथमिकतामा राख्ने

ख) प्रत्येक वर्ष डिसेम्बर ५ मा मनाइने अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस र अगष्ट १२ मा मनाइने अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा विभिन्न क्षेत्रमा स्वयंसेवा गर्नेहरु मध्येबाट फरक फरक विधाका कम्तिमा पाँच जना स्वयंसेवकलाई प्रत्येक वर्ष सम्मान गर्ने

**ई) सामाजिक विकृति विसंगति विरुद्ध युवा अभियान**

क) विद्यमान महिला हिंसा, जातीय विभेद तथा छुवाछुत, बोक्सी, छाउपडी, दाइजो प्रथा, बाल विवाह, बहुविवाहजस्ता सामाजिक विकृति विसंगतिविरुद्ध अभियान सञ्चालन गर्न स्थनीय युवा क्लब, युवा सञ्जाल तथा युवा सम्मिलित निजी क्षेत्रलाई उत्प्रेरित र प्रोत्साहित गर्ने

ख) लागुपदार्थ दूर्व्यसनी, कुलत, एच.आई.भी. संक्रमण, आप्रवासन, मनोसामाजिक समस्या लगायतका विषयमा अगुवा भई सचेतना कार्यक्रम सञ्चालन गर्ने

ग) साइबर अपराध तथा आधुनिक प्रविधिको दुरुपयोगसम्बन्धी सचेतना अभियान सञ्चालन गर्ने

घ) महिला हिंसा, मानव बेचविखन, लागुपदार्थ ओसारपसार तथा विभिन्न सामाजिक विकृति नियन्त्रण गर्न प्रहरी तथा युवाको सामुदायिक प्रहरी सेल स्थापना गरी परिचालन गर्ने

ङ) छोरी बुहारी बचाऔं, पढाऔं, बालिका शिक्षा, बालिका विमा, पूर्ण सरसफाइ अभियान, स्वच्छ गाउँ घोषणा, बालविवाहमुक्त समुदाय घोषणा, मर्यादित महिनावारी सुनिश्चित क्षेत्रजस्ता अभियानमूलक कार्यक्रम युवाको नेतृत्वमा सञ्चालन गर्ने

च) युवा नेतृत्वका विषयलाई विद्यालयका पाठ्यक्रममा समेत समावेश गर्ने । विद्यालयस्तरमा बाल क्लब गठन र उनीहरुको सहभागितालाई अभिवृद्धि गरी सवल युवा र सक्षम नागरिक बनाउन भूमिका खेल्ने ।

**उ) स्थानीय सरकार सवलीकरणमा युवा**

क) स्थानीय सरकार सवलीकरणका लागि आवश्यक कानुनको निर्माण, कानुन कार्यान्वयनको अवस्थाको विषयमा सर्वेक्षण गर्ने

ख) स्थानीय सरकारले निर्माण गरेका कानुनहरु टोल, विद्यालय, संघसंस्था तथा बस्ती तहमा अभिमुखीकरण र प्रचारप्रसार गर्ने

ग) स्थानीय सरकारको वार्षिक योजना तर्जुमा कार्यमा टोल, वडा र नगरपालिका तहमा सहजीकरण र सहयोग गर्ने

**आज्ञाले**
दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत